नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

पत्र संख्या: ल.वि.स.सु.वि./गैर-स्थलगत/मनकामना/०७८/७९/663

मिति: २०७८/०८/१९

श्री मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड,
सिद्धार्थनगर-५, रुपन्देही ।

विषय: आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, सोसँग सम्बन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा प्रचलित आयकर ऐन/नियमावली तथा अन्य प्रचलित कानुनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाले प्रस्ताव गरे अनुसार आर्थिक वर्ष २०७७/७८ सम्मको वितरण योग्य मुनाफाबाट कुल चुक्ता पुँजी रु.१२,११,५०,०००।-(अक्षरेपी बाह्र करोड एघार लाख पचास हजार मात्र) को १७ प्रतिशतले हुने रकम रु.२,०५,९५,५००।- (अक्षरेपी दुई करोड पाँच लाख पन्चानब्बे हजार पाँच सय मात्र) बराबरको बोनश शेयर साधारण सभाबाट स्वीकृत गरे पश्चात् वितरण गर्न स्वीकृति तथा वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २१ को उपदफा १ बमोजिम सञ्चालक समितिको बैठक कम्तीमा वर्षमा बाह्र पटक बस्नुपर्ने तर, दुई वटा बैठकको बीचको फरक साठी दिनभन्दा बढी हुने छैन भन्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा दुई बैठक बीचको फरक ६० दिन भन्दा बढी देखिएकोले सो व्यवस्थाको पालना गर्नुहुन ।

(ख) संस्थाले कर्जा प्रवाह गरेको १ महिना भित्र कर्जाको सदुपयोगिता निरीक्षण हुने व्यवस्थाको कडाईका साथ पालना हुने व्यवस्था गर्नुहुन ।

(ग) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं.४/०७७ को बुंदा नं. १(ज) बमोजिम ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाले ग्राहक संरक्षण कोषमा अघिल्लो आर्थिक वर्षको नाफाबाट जम्मा हुने रकमको न्यूनतम ५० प्रतिशत रकम पछिल्लो आर्थिक वर्षमा खर्च गर्नुपर्नु व्यवस्था बमोजिम सो बराबरको रकम खर्च नगरिएको सम्बन्धमा स्पष्ट पार्नुहुन । साथै, सोही निर्देशन बमोजिम खर्च नभएको सम्पूर्ण रकमलाई earmark गरी छुट्टै लगानी गर्नुहुन ।

(घ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. ०६/०७७ को बुँदा नं. ६.४ र ६.५ बमोजिमका समितिहरु यस बैंकको निर्देशन अनुरुप हुने गरी १५ दिनभित्र पुनर्संरचना गरी यस बैंकलाई जानकारी दिनुहुन ।

(ङ) संस्थाको आन्तरिक र वाह्य लेखापरीक्षक तथा यस बैंकको स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले औंल्याइएका कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(नबिन तिमिल्सिना)
उप- निर्देशक

बोधार्थ :
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. कार्यान्वयन इकाई, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।